# मौजुदासूचीमा दर्ता गराउने बारेको सूचना !

**प्रकाशित मिति : २०८२/०४/०२ गते**

यस वित्तीय संस्थालाई आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि आवश्यक पर्ने तपसिलमा उल्लेखित वस्तु तथा सेवाहरु आपूर्ती/प्रवाह गर्ने प्रयोजनको लागि सम्बन्धित विषयको व्यापार, व्यवसाय वा कारोवार गर्न इच्छुक इजाजत प्राप्त रजिष्टर्ड फर्म तथा कम्पनीहरुले आवेदन फाराममा उल्लेखित योग्यता सहितका कागजातहरु समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बुटवल, रुपन्देहीमा वा Email: hr@jucbank.com.np मार्फत मौजुदासूचीमा सूचिकृत हुन यस वित्तीय संस्थाको आर्थिक प्रशासन विनियमावली, २०६७ (पहिलो संशोधन २०७९) को विनियम २५ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसील</u>

| खरिद, आपूर्ति तथा मर्मत सेवा | | परामर्श तथा विविध सेवा | |
|---|---|---|---|
| **क.सं.** | **विवरण** | **क.सं.** | **विवरण** |
| १. | कम्प्युटर, प्रिन्टर सम्बन्धी उपकरणहरु र सो मा लाग्ने पार्टपुर्जाहरु तथा अन्य कार्यालय उपकरण आपूर्ति तथा मर्मत सम्बन्धी सेवाहरु | १. | परामर्श सेवा (खरिद, निर्माण, मर्मत, धितो मूल्यांकन, कानुनी सेवा, Actuarial Valuation धितो मूल्यांकन, बीमा सेवा, तथा अन्य प्राविधिक सेवा) |
| २. | प्रिन्टिङ्ग, डिजाईन तथा छपाई सम्बन्धी कार्य | २. | इन्टरनेट सम्बन्धी सेवाहरु |
| ३. | स्टेशनरी तथा मसलन्द सामाग्री | ३. | विज्ञापन एजेन्सी तथा कुरियर सम्बन्धी सेवाहरु |
| ४. | फनिर्चर फिक्सचर्स आपूर्ती तथा मर्मत सम्भार (भल्ट, दराज, कुर्ची, टेबल, पाईल र्‍याक लगायत अन्य) | ४. | प्रवर्द्धनात्मक तथा श्रव्यदृश्य निर्माण सम्बन्धी सेवा |
| ५. | ईलेक्ट्रिक तथा ईलेक्ट्रोनिक्स/प्लम्बिङ तथा हार्डवयेर सम्बन्धी सामाग्रीहरु आपूर्ती तथा मर्मत कार्य | ५. | विभिन्न प्रकारका सफ्टवयर आपूर्ति तथा मर्मत |
| ६. | कार्यालय सुरक्षा सम्बन्धी उपकरणहरु (सिसिटिभी क्यामेरा, फायर इस्टिङ्गगुइसर रिफिलिङ्ग समेत) | ६. | तालीम, गोष्ठी, बैठक आदीका लागि हल, खाना, बास उपलब्ध गराउने सेवाहरु |
| ७. | विविध फुटकर सरसामानहरु | ७. | पिउने पानी आपूर्ति सम्बन्धी सेवा |

मौजुदासूचीमा दर्ता गराउन आवेदन फाराम तथा मौजुदासूचीसँग अन्य आवश्यक योग्यता सम्बन्धी विवरणहरु वित्तीय संस्थाको Website: jucbank.com.np मा राखिएको छ ।

**अन्य जानकारीहरु :**

१. सूचीकृत हुने निवेदनहरु मध्येबाट योग्य ठहरिएका बिक्रेता फर्म तथा कम्पनीहरुलाई मात्र सूचीकृत गरिनेछ ।

२. सूचीकृत भएका बिक्रेता, फर्महरुबाट यस वित्तीय संस्थाको आवश्यकता अनुसारको वस्तु खरिद तथा सेवा प्राप्त गर्न सो काममा कोटेशन घटाघट वा बोल कबोलबाट भाग लिन अनुरोध गर्न सकिनेछ ।

३. सूचीकृतमा भएका फर्म तथा कम्पनीहरुले सन्तोषजनक सेवा तथा समयमा सामान उपलब्ध नगरेको खण्डमा सूचीबाट बिना सूचना हटाउन सकिनेछ । यस उपर कुनै दाबी, बिरोध गर्न पाइनेछैन । सूचीकृत गर्ने वा नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस संस्थामा नै निहित रहनेछ ।


**जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड**

**केन्द्रीय कार्यालय: बुटवल-१०, कालिकानगरचोक, रुपन्देही**

**फोन नं. ०७१-४३८१७१**

मिति: २०८२/०४/....

श्री जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.
बुटवल-१०, कालिकानर, रुपन्देही ।

**विषयः मौजुदा सूचीमा दर्ता गरी पाउँ ।**

त्यस वित्तीय संस्थाको मिति २०८२/०४/०२ गते प्रकाशित सूचना अनुसार आ.व. २०८२/०८३ का लागि तपसीलमा उल्लेखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु/छौं ।

**तपसील:**

**१. मौजुदा सूचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरण:**

| | |
|---|---|
| निवेदकको नाम: | |
| ठेगाना: | |
| पत्राचार गर्ने ठेगाना | |
| मुख्य व्यक्तिको नाम: | |
| टेलिफोन नं./मोबाईल नं. | |
| इमेल ठेगाना | |

**२. मौजुदा सूचीमा दर्ता हुनको लागि संलग्न कागजातहरु:**

| क.सं. | कागजातहरु | छ | छैन |
|---|---|---|---|
| क. | फर्म/कम्पनी दर्ता प्रमाणपत्र | | |
| ख. | फर्म/कम्पनी नविकरण प्रमाणपत्र | | |
| ग. | PAN/VAT दर्ता प्रमाणपत्र | | |
| घ. | आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र | | |

**३. वस्तु तथा सेवाहरु आपूर्ती/प्रवाह गर्ने अर्थात सूचीकृत हुन चाहेको क्षेत्र:**

| क.स. | विवरण |
|---|---|
| | |
| | |
| | |

| | |
|---|---|
| म/हामी खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरीद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको घोषणा गर्दछौं । | |
| संस्थाको छाप | निवेदकको नाम:<br><br>हस्ताक्षर: |

## मौजुदासूचीमा दर्ता हुन आवश्यक योग्यताहरु

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा (२) तथा आर्थिक प्रशासन विनियमावली, २०६७ (पहिलो संशोधन २०७९) को परिच्छेद-६ मा भएको व्यवस्था अनुरुप आपूर्तिकर्ता/सेवा प्रदायकहरुलाई देहाय बमोजिम योग्यता तोकिएकोले आवश्यक कागजातहरुको प्रतिलिपी सहित निवेदन पेश गुर्न पर्नेछ।

१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको आवधिक रुपमा नविकरण भएको कागजात।

२. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको कागजातको प्रतिलिपी (मू.अ. करमा दर्ता हुन पर्नेको हकमा मात्र)।

३. आ.व. २०८०/०८१ को कर चुक्ता गरेको कागजातको प्रतिलिपि (आ.व. २०८१/०८२ मा स्थापित/दर्ता भएका संस्था/फर्म/कम्पनीको हकमा लागु नहुने।)

४. दिइएको कारोवार गर्न प्रचलित कानुनमा कुनै निकायको अनुमति/इजाजत लिनुपर्ने उल्लेख भएको हकमा सो अनुमति तथा आवश्यकता बमोजिम नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि।

५. फर्म/कम्पनी कुनै सामाग्रीको आधिकारिक वितरक भएमा सो जनाउने आधिकारिक कागजात।

६. सम्बन्धित क्षेत्रमा काम गरेको अनुभवको प्रमाणपत्र।

७. तत्काल आपूर्ति गर्न सक्ने गरी सामान/उपकरणको उपलब्धता हुनुपर्नेछ।

८. पेशागत कसुर गरे बापत सजाय नपाएको हुनुपर्नेछ।

९. नेपाली नागरिकताको प्रतिलिपि।

१०. सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणा पत्र।